ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

# पराजित पोमूका कवितामा  मुन्धुमी मिथक

उपप्राध्यापक राजेश कुमार यादव

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

rajeshbidrohi@gmail.com

https://doi.org/10.3126/gyandeep.v10i2.77331

**लेखसार**

प्रस्तुत अध्ययन *मद्वारा मेरो निर्माण* कविता सङ्ग्रहमा सङ्कलित कविताहरूमा प्रयुक्त मुन्धुमी मिथकको विश्लेषणमा केन्द्रित छ । यस अध्ययनमा *मद्वारा मेरो निर्माण*का कविताहरू र मुन्धुमी मिथकको सम्बन्धलाई केलाइएको छ । यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा मानवीय जीवनका विविध भावहरूको अभिव्यञ्जना पाइन्छ । यी कविताहरूमा प्रेम, घृणा, आँसु, हाँसो, विवशता, दुःख, पीडा, सङ्घर्ष, सपना, जीवनका अप्ठ्याराजस्ता पक्ष कथ्य बनेर आएका छन् । कतिपय कवितामा प्राकृतिक सौन्दर्यको चित्रण पनि सुन्दर ढङ्गबाट गरिएको छ । सङ्ग्रहका केही कवितामा भने मुन्धुमी मिथकको प्रयोगबाट पहिचान र अस्तित्व रक्षाको भावाभिव्यञ्जन पनि भएको पाइन्छ । उनका कवितामा सांस्कृतिक सौन्दर्य, सहअस्तित्व एवम् प्रेम र घृणाका भावलाई अभिव्यञ्जित गर्न पनि मुन्धुमी मिथकको सुन्दर प्रयोग गरिएका छन् । नेपाली नागरिकका पीडालाई उजागर गर्ने उनका कतिपय कविताहरू प्रयोगधर्मी पनि छन् । सामग्री सङ्कलनका क्रममा *मद्वारा मेरो निर्माण* कविता सङ्ग्रहलाई प्राथमिक स्रोतका रूपमा र कविताहरूबारे गरिएका समीक्षा–समालोचना र शोध प्रतिवेदन तथा मिथकबारे व्याख्या–विश्लेषण गरिएका पुस्तक, आलेख र शोध प्रतिवेदनलाई द्वितीयक स्रोतका रूपमा लिएर मिथकसम्बन्धी सिद्धान्तका आधारमा गुणात्मक विधिबाट कविताको विश्लेषण गरिएको छ ।

*शब्दकुञ्जी :* मिथक, मुन्धुम, पहिचान, विम्ब, संस्कृति

## विषयपरिचय

कवि पराजित पोमूको कवितासङ्ग्रह *मद्वारा मेरो निर्माण*का कवितामा प्रयुक्त मुन्धुमी मिथकको विश्लेषण गर्नु प्रस्तुत लेखको विषय हो । कवि पराजितले नेपाली साहित्यमा आफ्नो परिचय बनाइसकेका छन् । ताप्लेजुङको नेग्रादिनमा जन्मिएका पराजितले आफ्नो भावाभिव्यक्तिको माध्यम कवितालाई बनाएका छन् । वैदेशिक रोजगारका क्रममा दक्षिण कोरियामा रहँदा 'इतर अभियान' नामको साहित्यिक अभियानमा नेतृत्वदायी भूमिका निर्वाह गरेका पराजित सीमान्तीकृत तथा उत्पीडित वर्ग–समुदायको सौन्दर्य, पहिचान र मुक्तिका लागि साहित्यले भूमिका खेल्नुपर्ने आग्रह राख्छन् । उनको पहिलो कवितासङ्ग्रह *लेप्पुहाङको डुङ्गा* (२०७३) हो । दोस्रो सङ्ग्रह निकाल्न उनले हतार गरेनन् । समीक्ष्य कृति *मद्वारा मेरो निर्माण* (२०७९) कवि पराजितको दोस्रो कवितासङ्ग्रह हो । यसबाहेक उनको सम्पादनमा *इतर कविता* (२०७६), *यो मेसिनको सहर हो* (कवितासङ्ग्रह–२०७८) र *भुइँमान्छेका आवाज* (मातृभाषा कविता सँगालो–२०७९) प्रकाशित छन् । यी कृतिहरूबाट पनि उनको रुचिक्षेत्र प्रस्ट हुन्छ । भाषा र संस्कृतिलाई कुनै पनि जातिको जिउँदो इतिहास मान्ने कवि पराजित आफ्ना कविताहरूमा पनि मातृभाषाका शब्द र जातीय संस्कार–संस्कृतिको प्रयोगमा खप्पिस छन् । जातीय अस्तित्व, स्वाभिमान र पहिचानलाई मूल विषय बनाएर कविता लेख्ने क्रममा उनले मुन्धुमी मिथकहरूको सुन्दर र प्रभावकारी प्रयोग गरेका छन् ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

पराजित विषयवस्तुमाथि गम्भीर चिन्तनमनन् गर्दै कवितामा दार्शनिक पुट दिने प्रयास गर्छन् । उनी नेपाली जनजीवन र विशेषतः लिम्बू समुदायको जीवनशैलीसँग जोडिएका विम्ब र मिथकहरू उनेर सुन्दर र मर्मस्पर्शी कविता लेख्न खप्पिस छन् । समीक्ष्य कृतिमा पनि उनका यस्तै सरल, सुन्दर र कलात्मक कविताहरू सङ्गृहीत छन् । प्रस्तुत कृतिमा सङ्कलित कविताहरूलाई तिनका विषयअनुसार जम्मा तीन खण्डमा बाँडिएको छ । कविताको भावअनुसार प्रत्येक खण्डलाई बेग्लै शीर्षक दिइएको छ । खण्ड क 'अस्तित्वको तङ्सिङ' मा २१, खण्ड ख 'अम्लारी मन' मा ८ र खण्ड ग 'समयको चोःत्लुङ' मा ९ गरी कृतिमा जम्मा ३८ थान कविताहरू छन् । जीवनका कठिनाइ, मानवीय प्रेम र संस्कृतिप्रतिको अनुराग पनि उनका कविताहरूमा मुखर भएर आएका छन् । यी कविताहरूमा नेपाली समाजकै जीवनशैली र भोगाइलाई चित्रण गरिएको छ । ११९ पृष्ठको यस कृतिमा विभिन्न भाव र विषयका कविताहरू सङ्गृहीत छन् ।

अङ्ग्रेजी 'मिथ' (Myth) शब्दको पर्यायका रूपमा नेपाली विद्वान्हरूले 'मिथक' शब्दको प्रयोग गर्ने गरेका छन् । अङ्ग्रेजी 'मिथ' ग्रीक भाषाको 'मिथस्' (Mythos) शब्दबाट बनेको हो, जसको अर्थ हुन्छ– 'सत्य वा काल्पनिक जुनसुकै कथा' (अब्राम्स र हार्फम, सन् २०१५, पृ. २३०) । नेपाली र हिन्दीमा मिथक शब्दको प्रयोग आधुनिक कालमा आरम्भ भएको हो । नेपाली भाषामा मिथकलाई 'पुराकथा' का रूपमा पनि बुझ्ने गरिए पनि कतिपय विद्वान्ले 'पुराकथा' शब्दलाई 'मिथक' को साटोमा प्रयोग गर्नुलाई उपयुक्त मानेका छैनन् । 'पुराकथा' भित्र लोककथा र लोकगाथा पनि समावेश हुने भएका कारण यी विद्वान्हरूले 'पुराकथा' लाई 'मिथक' को पर्यायका रूपमा प्रयोग गर्न अनुपयुक्त ठहऱ्याएको बरालले उल्लेख गरेका छन् (२०७६, पृ. १७५) ।

आधुनिक भारतीय चिन्तकहरू 'मिथक' शब्द आचार्य हजारीप्रसाद द्विवेदीको देन भएको मान्छन् (विद्यावाचस्पति, सन् १९८६, पृ. २१) । संस्कृतको 'मिथ' शब्दमा 'क' प्रत्यय जोडेर आचार्य द्विवेदीले 'मिथक' शब्दको निर्माण गरेको उनीहरूको बुझाइ छ । संस्कृतमा 'मिथ' शब्दको अभिप्राय 'प्रत्यक्ष ज्ञान' र 'दुई तत्त्वहरूको सम्मिश्रण' हुन्छ । मिथकको सन्दर्भमा यी दुवै अर्थ जोडिएको प्रतीत हुने विद्यावाचस्पतिको मत छ । मिथकका सन्दर्भमा लौकिक र अलौकिक दुई तत्त्वको सम्मिश्रण भएको पाइन्छ । लौकिक तत्त्व प्रत्यक्ष अनुभूति हो भने अलौकिक तत्त्व अध्यात्म–तत्त्व । विद्यावाचस्पति (सन् १९८६) ले यसलाई अझै प्रस्ट पार्दै उल्लेख गरेकी छन् :

> ......अङ्ग्रेजीको मिथ र संस्कृतको मिथबीच अर्थगत अन्तर छ । अङ्ग्रेजीमा मिथ कोरा कल्पनामा आधारित मानिन्छ तर मिथकको अभिप्राय अलौकिकताको पुट लिएको लोकानुभूति व्यक्त गर्ने कथा हो । यो संस्कृतको मिथ (प्रत्यक्ष ज्ञान, दुई तत्त्वको सम्मिश्रण) को अधिक निकट छ । अलौकिकताको सम्मिश्रणले नै यसलाई लैला–मजनु, शीरी–फरहाद आदि लोककथाहरूभन्दा भिन्न स्वरूप प्रदान गर्छ । (पृ. २१)

मानव मनका अनेक भावहरूलाई अभिव्यक्त गर्ने माध्यम भाषा हो तर भाषाको सामर्थ्यमा भएको सीमितताका कारण मानव मनका सबै भावहरूलाई अभिव्यक्त गर्न भाषा सक्षम हुँदैन । भाषामा भएको यही सीमालाई पूरा गर्न आदिमानवले मिथकको परिकल्पना गरेको विद्वान्हरूको ठम्याइ छ । आदिमानवले आफ्नो अन्तरका अनुभूतिहरूलाई अभिव्यक्त गर्न छानेको उपकरण नै मिथक हो । हिन्दीका विद्वान् हजारीप्रसाद द्विवेदीले यसको व्याख्या गर्दै उल्लेख गरेका छन् :

> रूपगत सुन्दरतालाई माधुर्य (मिठास) र लावण्य (नुनिलो) भन्नु एकदमै झुटो हो किनभने रूप न गुलियो हुन्छ, न नुनिलो । त्यै पनि (यसो) भन्नुपर्छ किनभने अन्तर्जगत्का भावहरूलाई बहिर्जगत्को भाषामा व्यक्त गर्ने यही

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

एकमात्र उपाय छ । साँच्चै भन्नुहुन्छ भने यही मिथक तत्त्व हो । मिथक तत्त्व वास्तवमा भाषाको पूरक हो । सारा भाषा यसैको आधारमा उभिएको छ । आदिमानवको चित्तमा सञ्चित अनेक अनुभूतिहरू मिथकका रूपमा प्रकट हुनका लागि व्याकुल रहन्छन् । मिथक वस्तुतः तिनै सामूहिक मानवको भाव–निर्मात्री शक्तिको अभिव्यक्ति हो, जसलाई 'आर्किटाइपल इमेज' (आद्यविम्ब) भनेर केही मनोवैज्ञानिक सन्तोष मान्छन् । (उद्धृत्, विद्यावाचस्पति, सन् १९८६, पृ.२१–२२) ।

यसबाट के प्रस्ट हुन्छ भने मिथक काल्पनिक कथामात्र होइन, यसमा आदिम मानवका यथार्थ अनुभूतिहरू पनि समाविष्ट भएका हुन्छन् । सामान्य भाषाका माध्यमबाट आफ्ना सारा अनुभूति, विचार र धारणालाई अभिव्यक्त गर्न असमर्थ हुँदा प्रतिभा सम्पन्न कविले कहिलेकाहीँ कल्पना शक्तिबाट यस्ता विलक्षण दृश्य, चित्र, विश्वास, धारणा र विचारलाई प्रकट गर्छन् । शब्द असमर्थ हुँदा कविको विलक्षण कल्पनालाई सम्मूर्तित गर्न सहयोग गर्ने यही उपकरण नै मिथक हो । यी मिथकहरू काल्पनिक र अविश्वसनीयजस्ता लागे पनि यिनले लोकविश्वास र लोकमान्यताहरूलाई सङ्केत गरिरहेका हुन्छन् ।

मनोविश्लेषक सिग्मन्ड फ्रायडको विचारमा मिथक व्यक्तिगत र सामूहिक स्वप्नसँग सम्बन्धित हुन्छ तर अर्का मनोविश्लेषक कार्ल गुस्ताभ जुङले भने मिथकले सामूहिक अचेतनलाई नै प्रस्तुत गर्ने धारणा व्यक्त गरेका छन् । हुन पनि मनोविज्ञान कुनै निश्चित व्यक्तिको मनको अवस्थाको विश्लेषणमा केन्द्रित हुन्छ भने मिथकले मानवका सामूहिक आशा, अपेक्षा, आकाङ्क्षा, स्वप्न, कामना, दुर्बलता आदिलाई प्रस्तुत गर्छ । त्यसैले मिथक निकै जटिल विषय हो । यसलाई सीमित परिभाषाभित्र बाँध्न पनि सकिँदैन । यसको सम्बन्ध कुनै एक क्षेत्रसँग मात्र छैन । ज्ञान–विज्ञानका अनेक शाखा–प्रशाखाहरूको मद्दतबाट मात्र यसलाई अर्थ्याउन सकिन्छ ।

पराजितका कविताहरूमा मानवीय जीवनका विविध भाव र अनुभूतिहरू विषय बनेर आएका छन् । नेपाली उत्पीडित समुदाय र तिनको संवेदना उनका कविताको केन्द्रीय विषय हो । यसबाहेक देशका आर्थिक, सांस्कृतिक, राजनीतिक आदि क्षेत्रमा फैलिएको प्रदूषणको चित्रण पनि कवितामा गरिएका छन् । उनले आफ्ना कवितामा मुन्धुमी मिथकको प्रयोग प्रशस्त गरेका छन् । त्यसैले पराजितका कवितामा प्रयुक्त मुन्धुमी मिथकको विश्लेषणलाई यस शोधकार्यमा प्रमुख विषय बनाइएको छ । यस्ता मिथकहरूको प्रयोगबाट उद्भासित भावको पनि यस शोधमा विश्लेषण गरिएको छ ।

उनका कविताको शिल्पसौन्दर्य वा भावबारे विभिन्न अनुसन्धाता, चिन्तक र शोधार्थीहरूले चर्चा गरिसकेका भए पनि उनका कवितामा मुन्धुमी मिथकको प्रयोगबाट सिर्जित भाव र सौन्दर्यबारे अध्ययन गरिएको पाइँदैन । पराजितका कवितामा मुन्धुमी मिथकको प्रयोग कुन रूपमा भएको छ भन्ने विषयलाई यहाँ मूल समस्याका रूपमा लिइएको छ । यो मूल समस्याका साथै यहाँ पराजितका कवितामा मुन्धुमी मिथकको प्रयोग केकति भएका छन् ? र उनका कविताहरूमा मुन्धुमी मिथकको प्रयोग कसरी भएको छ ? यिनै प्रश्नहरूमा यो अध्ययन केन्द्रित छ । यी प्रश्नहरूको समाधान खोज्नु नै प्रस्तुत अध्ययनको मूल उद्देश्य हो । त्यसैले *मद्वारा मेरो निर्माण* कवितासङ्ग्रहको सामान्य परिचय प्रस्तुत गर्दै यस सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा प्रयुक्त मुन्धुमी मिथकहरूको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य हो ।

पराजितद्वारा रचना गरिएका कविताहरूको चर्चा–परिचर्चा, अध्ययन–अनुसन्धान तथा विश्लेषण विभिन्न समालोचकहरूले विभिन्न कोणबाट गरिसकेका छन् । विषयवस्तु, दर्शन, चिन्तन, शिल्पसौन्दर्यजस्ता विविध

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
कोणबाट यी कविताहरूको अध्ययन–विश्लेषण भएको पाइन्छ । कवि मनप्रसाद सुब्बा, समालोचक कुमारी लामा, कवि विप्लव प्रतीकलगायतका स्रष्टा तथा समालोचकहरूले उनका कविताहरूको विश्लेषण विविध कोणबाट गरेको पाइन्छ । यसरी धेरै समालोचक र अनुसन्धाताहरूले अध्ययनको विषय बनाए पनि मुन्धुमी मिथकलाई नै मूल विषय बनाएर विस्तृत रूपमा विश्लेषण गरेको पाइँदैन । उनका कवितामा मुन्धुमी मिथक केकति प्रयोग भएका छन् र ती मिथकहरू कसरी प्रयोग भएका छन् भन्ने विषयमा छुट्टै अध्ययन भएको छैन । त्यसैले यिनै प्रश्नमा केन्द्रित भएर अध्ययन गर्नु सान्दर्भिक भएको छ ।

प्रस्तुत अध्ययन पराजित पोमूको कविता सङ्ग्रह *मद्वारा मेरो निर्माण*का कविताहरूमा प्रयुक्त मुन्धुमी मिथकको विश्लेषणमा केन्द्रित छ । उनको पहिलो कवितासङ्ग्रह 'लेप्मुहाङको डुङ्गा' मा पनि मुन्धुमी मिथक प्रयोग भएका कविताहरू सङ्कलित छन् तर यहाँ ती कविताहरूको विश्लेषण गरिएको छैन । *मद्वारा मेरो निर्माण*का कविताहरूमा प्रयुक्त मुन्धुमी मिथकको मात्र खोजी र विश्लेषण गर्नु यस अध्ययनको सीमा हो । यहाँ यसै सङ्ग्रहका कविताहरूमा मुन्धुमी मिथकको प्रयोगबाट सिर्जित भाव र सौन्दर्यको खोजी गरिएको छ । प्रस्तुत कविता सङ्ग्रहका कविताहरूमा प्रयुक्त मुन्धुमी मिथकलाई मिथकसम्बन्धी सिद्धान्तका आधारमा मात्र विश्लेषण गरिएको छ । यो नै यस अध्ययनको सीमा हो ।

यसरी विभिन्न अध्येता र समालोचकहरूले कवि पराजितको कविताकृति *मद्वारा मेरो निर्माण*का कविताहरूबारे विभिन्न कोणबाट चर्चा गरेका छन् । माथि प्रस्तुत समीक्षा र टिप्पणीबाहेक पनि विभिन्न समालोचकहरूले कवि पराजितका कविताहरूबारे समीक्षात्मक चर्चा गरेको पाइन्छ, तर यी कवितामा अभिव्यञ्जित डायस्पोरिक चेतनामै केन्द्रित भएर भने कसैले अध्ययन गरेको देखिँदैन । त्यसैले यहाँ मद्वारामेरो निर्माणका कविताहरूको अध्ययन मुन्धुमी मिथकको प्रयोगको सन्दर्भमा गरिएको छ । अतः मिथकको सैद्धान्तिक मूल्यका आधारमा कृतिको अध्ययन गरी कवितामा मुन्धुमी मिथकको प्रयोग कसरी र कुन रूपमा भएको छ भन्ने विषयमा अध्ययन गर्नु आवश्यक भएको छ ।

## अध्ययनविधि

यो लेख गुणात्मक ढाँचामा केन्द्रित भई तयार पारिएको छ । यसमा पराजित पोमूको *मद्वारा मेरो निर्माण* कवितासङ्ग्रहलाई प्राथमिक सामग्रीका रूपमा लिई सूक्ष्म पठन विधिका माध्यमबाट कवितामा प्रयुक्त मुन्धुमी मिथकहरूको अध्ययन गरिएको छ । यस अध्ययनमा विभिन्न विद्वान्हरूले प्रस्तुत गरेका मिथकसम्बन्धी मान्यताका आधारमा व्याख्या–विश्लेषण गरिएका पुस्तकहरूलाई द्वितीयक स्रोतका रूपमा ग्रहण गरी पराजितका कवितामा प्रयुक्त मिथकहरूको विश्लेषण गरिएको छ । यसरी विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी व्याख्यात्मक, वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोगबाट निष्कर्षमा पुगिएको छ । यस अध्ययनमा विभिन्न स्रोतबाट सङ्कलित सामग्रीलाई पुस्तकालयीय विधिमार्फत् व्याख्या र विश्लेषण गरिएको छ ।

मिथकमा विद्यमान् विशेषताबारे विभिन्न विद्वान्हरूले आ–आफ्ना धारणा प्रस्तुत गरेका छन् । मिथकबारे पूर्वीय विद्वान्हरूका धारणाभन्दा पश्चिमी विद्वान्हरूका धारणा बढी वस्तुपरक प्रतीत हुन्छन् । पूर्वीय विद्वान्हरूका धारणा बढी भावनात्मक र धार्मिक विश्वाससँग सम्बन्धित छन् । यिनै पूर्वीय र पाश्चात्य विभिन्न विद्वान्हरूका आधारमा यहाँ मिथकका मुख्य विशेषताहरूलाई प्रस्तुत गरिन्छ :

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

- मिथकको एउटा मुख्य विशेषता व्याख्यात्मकता हो । मिथक आख्यानात्मक भए पनि कथा तत्त्व यसमा गौण हुन्छ । कथाका माध्यमबाट जीवनको यथार्थलाई अभिव्यक्त गर्नु यसको मुख्य उद्देश्य हो ।
- मिथक र धर्मको सम्बन्ध अतिप्राचीन मानिन्छ । मिथकको आधार धर्म भए पनि यसमा दैवी तथा दैवी चरित्रका माध्यमबाट मानवीय हितसँग सम्बन्धित तथ्य नै उजागर हुन्छन् ।
- प्रतीक प्रधानता मिथकको अर्को मुख्य विशेषता हो । मिथकलाई स्पष्ट र प्रभावशाली बनाउन यसमा विभिन्न प्रतीकहरूको प्रयोग गरिन्छ र यी प्रतीकहरूले समयसँगै आफ्नो स्वरूप बदलिरहन्छन् ।
- मिथक सामूहिक अचेतनबाट निर्देशित हुन्छ अर्थात् मिथकमा अभिव्यक्त विचार वा भावनाले सामूहिक अचेतनलाई बोकेको हुन्छ ।
- मिथकमा अतिप्राकृतिक र अतिमानवीय घटनाहरू हुन्छन् ।
- मिथकमा आद्यविम्बको प्रयोग गरिन्छ ।
- मिथकमा दैवी वा अलौकिक गुणयुक्त नायकको उपस्थिति हुन्छ ।
- मिथकमा वर्णित घटना यथार्थ नभए पनि यथार्थ जनजीवनका समसामयिक समस्यालाई निराकरण गर्न ती घटनाबाट प्राप्त हुने अर्थ बढी महत्त्वपूर्ण हुन्छ ।
- यो मनुष्यको अखण्ड विश्वासमा आधारित हुन्छ । यसको ऐतिहासिक प्रामाणिकता संदिग्ध भए पनि मानवको आस्थाले यसलाई प्रामाणिक आधार प्रदान गरेको छ ।
- यो परम्परागत आख्यान हो, जसको रचनाकार अज्ञात हुन्छ ।
- यो लचिलो र परिवर्तनशील हुन्छ ।
- यसमा जादू वा चमत्कार निहित हुन्छ ।
- यो कालातीत हुन्छ ।

उपर्युक्त विशेषताहरूबाट के स्पष्ट हुन्छ भने मिथकमा वर्णित घटना यथार्थ नभए पनि वा यसका नायक अलौकिक र दैवी गुणयुक्त भए पनि मिथकको सम्बन्ध मानवीय जीवनसँग छ । मानवीय जीवनका कतिपय जटिल गाँठाहरूलाई फुकाउन मिथकहरूले सहयोग गर्छन् ।

## नतिजा र छलफल

जुनसुकै समाजमा पनि एउटा वर्चश्वशाली समुदाय हुन्छ । सत्तामा बसेको त्यसै समुदायको संस्कृतिले फस्टाउने र विकसित हुने अवसर प्राप्त गर्छ । उपेक्षित र उत्पीडित समुदायका संस्कृतिले फस्टाउने र विस्तार हुने अवसर पाउँदैनन् । बरु यस्ता संस्कृतिहरू सत्तापोषित संस्कृतिबाट उत्पीडनमा परेर टाक्सिँदै जान्छन् । तिनै उपेक्षित, उत्पीडित र सीमान्तीकृत समुदायका संस्कृति एवम् तिनका आवाजलाई स्थान दिने उद्देश्यबाट प्रेरित भएर पराजितले मुन्धुमी मिथकको प्रयोग गरी कविता लेखेका छन् ।  अहिले जनजाति कविहरू आफ्ना कवितामा आफ्नो समुदायमा प्रचलित विम्ब, प्रतीक र मिथकहरूको प्रयोगका माध्यमबाट नव–नव भावको उन्मेषमा अग्रसर भएका छन् । यस्तो प्रयोग उनीहरूले प्रशस्त मात्रामा गर्न थालेका छन् । यस्तो प्रयोग उनीहरूले सचेत रूपले गरेका हुन् । यस्तो प्रयोगका कारण जनजाति कविका यी कविताहरू मौलिक मात्र होइन, प्रभावकारी र सम्प्रेष्य पनि भएका छन् । यस्तो प्रयोगले नेपाली कवितामा जनजातीय अनुहार टड्कारो बनेको छ । यो निकै महत्त्वपूर्ण उपलब्धि हो ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

पराजितले पनि आफ्ना कवितामा जनजातीय विम्ब, प्रतीक र मिथकहरूको प्रयोग प्रशस्त मात्रामा गरेका छन् । यहाँ उनको *मद्वारा मेरो निर्माण* कवितासङ्ग्रहका कविताहरूको साक्ष्यमा उनका कवितामा प्रयुक्त मुन्धुमी मिथकहरूको विश्लेषण गरिएको छ । मुन्धुमी मिथकको प्रयोग गरिएको एउटा उदाहरण :

अल्गो डाँडामाथि मा...थिबाट हेर्न छ
पूर्णिमाको सोलोगोलो चन्द्रमा
इन्द्रेनीको सात रङभन्दा पनि पर......परको रङ
र....
आदिम लेवासेन फूलहरू फुलाएर
पोरोक्मी यम्भामीको बगैँचा सजाउनु छ
त्यहीँ उभ्याउनु छ
कविताको एउटा शालिक (शालिक, पृ. ५९–६०)

प्रस्तुत कविताको शीर्षक प्रतीकात्मक छ । यस कवितामा कविता सिर्जना गरेका कारण भानुभक्त आचार्यको शालिक निर्माण भएको प्रसङ्ग उल्लेख गर्दै जनजाति समुदाय भने संस्कृत र अङ्ग्रेजी भाषाको ज्ञानको अभावले गर्दा सिर्जनामा पछि परेको भाव अभिव्यक्त भएको छ । कवितामा 'पोरोक्मी यम्भामीको बगैँचा' सजाउने सङ्कल्प गरिएको छ । मुन्धुममा परम ईश्वर तागेरा निङ्वाभु माङले यो ब्रह्माण्ड, चराचर जगत् र जीवजन्तुको सृष्टि गरे पनि संसार सुहाउँदिलो नदेखिएपछि पोरोक्मी यम्भामी नामका देउतालाई मानिसको सृष्टि गर्न आज्ञा दिएको प्रसङ्ग वर्णित छ । तिनै पोरोक्मी यम्भामीले मानवको सृष्टि गरेपछि मात्र संसार पूर्ण र सुन्दर भएको मुन्धुमी विश्वास छ । प्रस्तुत मुन्धुमी मिथकको प्रयोग उपर्युक्त कवितांशमा गरिएको छ । मुन्धुमी मिथकको प्रयोगबाट कवि पराजितले सिर्जनाशक्तिको महत्त्वलाई प्रस्तुत गरेका छन् । कविता (साहित्य) सिर्जनाबाट मात्र मानव जीवनले पूर्णता प्राप्त गर्ने र संसार सुन्दर बन्ने भाव प्रस्तुत कवितांशमा व्यक्त भएको छ । जनजाति समुदाय पनि साहित्य सिर्जनामा अग्रसर हुनुपर्ने भाव कवितामा ध्वनित भएको छ । 'लेवासेन फूल' लाई यौवनको प्रतीक सुगन्धित फूल मानिन्छ । यहाँ साहित्य सिर्जनालाई 'लेवासेन फूल' मा प्रतीकीकरण गरेर साहित्य रचनामा जोड दिइएको छ । उनले यस्ता आकर्षक मुन्धुमी मिथक प्रयोग गरेर प्रशस्त कविताहरू रचना गरेका छन् । मुन्धुमी मिथक प्रयुक्त एउटा अर्को कविताको नमुना :

तिम्रो हातले छानेको तीनपाने रक्सी स्वाट्टै पारेर
मेन्छ्यायेम डाँडाको चुच्चोमा निस्कूँ
परपर...सम्म फैलिएको पृथ्वीमा फैलिएर दृष्टिभरि
तुत्तुतुम्याङ, सावा येत्हाङ साक्षी राखेर
प्रेमको तङसिङ गरौँ
मायाको माङ्गेन्ना उठाऔँ
नसोचेको त कहाँ हो र नायुमा !
खै केले केले अल्झाई बस्छ यो परदेशमा (नायुमा, पृ. ६८)

आफ्नै घरदेशमा बसेर आफ्नै माटोमा सङ्घर्ष गर्दै जीवन बाँच्ने अभिलाषा भए पनि बाध्यताले परदेशमा अल्झिरहन बाध्य नेपाली युवाको कोमल भावलाई प्रस्तुत कवितामा प्रस्तुत गरिएको छ । कवितामा लिम्बू

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

जीवनशैलीको सुन्दर उतारिएको छ । उद्धृतांशमा आएका 'मेन्छ्यायेम डाँडा', 'सावा येत्हाङ' र 'माङ्गेन्ना' मुन्धुमी मिथकसँग जोडिएका पद÷पदावली हुन् । तेह्रथुम, ताप्लेजुङ र सङ्खुवासभा जिल्ला जोड्ने तीनजुरे मिल्के पर्वत छ ।

मुन्धुममा वर्णन भएअनुसार, उहिले लिम्बू समुदायकी आराध्य देवी युमा मेन्छ्या भेषमा प्रकट भइन् । लिम्बू भाषामा 'मेन्छ्या' को अर्थ तरुनी  हुन्छ । आफ्नो सौन्दर्यमा मोहित भई विवाहको प्रस्ताव गर्ने एउटा गोठालोलाई तमोर नदीका ठुल्ठुला ढुङ्गा छेलो हानी डाँडाको चुचुरोमा पुऱ्याउनुपर्ने सर्त राखेर उनी अलप भइन् । 'मेन्छ्या' उभिएको डाँडा भएको कारण त्यसलाई 'मेन्छ्यायेम' भनिएको मुन्धुममा उल्लेख छ । लिम्बू संस्कृतिमा कुनै पनि महत्त्वपूर्ण कार्य गर्दा अनिवार्य आवश्यक पर्ने पञ्चभलादमीलाई 'तुत्तुतुम्याङ' भनिन्छ । मुन्धुमअनुसार, हाडनाता करणीबाट १७ जना सन्तान जन्माएका चेलीमाइती सुहाम्फेबा र लाहादङ्नालाई परमेश्वर तागेरा निङ्वाभु माङले चाल्नीमा तीलका दाना चालेर आ–आफ्ना सन्तानसहित छुट्टिन लगाए । छुट्टिने क्रममा आमा लाहादङ्नाको भागमा आठ सन्तान परे । तिनै आठ सन्तान सावा येत्हाङ हुन् । लिम्बूहरूले आफूलाई तिनै सावा येत्हाङका सन्तान मान्छन् ।

लिम्बू समुदायमा जीवनलाई 'चोःत्लुङ' (सिद्धिस्थल) मा पुऱ्याउन तीन दिन तीन रातसम्म निरन्तर गरिने महत्त्वपूर्ण धार्मिक अनुष्ठानलाई 'तङसिङ' भनिन्छ । अनुष्ठानका क्रममा लिम्बू पुरोहितहरूले मुन्धुममा वर्णित जगत्को सृष्टिदेखि मानवको जन्म र मृत्युसम्मका मूल्य–मान्यताहरूको वर्णन गर्छन् । 'माङ्गेन्ना' को अर्थ स्वाभिमान वा आत्मसम्मान हो । व्यक्तिको आत्मसम्मानलाई जीवित राख्न लिम्बू समुदायमा वर्षमा एकपटक माङ्गेन्ना अनुष्ठान गर्ने परम्परा छ । मुन्धुममा वर्णित मानव सृष्टिको कथाअनुसार, परमेश्वर तागेरा निङ्वाभु माङले सारा चराचर जगत्को सृष्टि गरे पनि पूर्ण नभएपछि पोरोक्मी यम्भाामी नामका देउतालाई मानिसको सृष्टि गर्न आदेश दिए । क्रमशः विभिन्न धातुका मानिस बनाउँदै बोलाउँदा कुनै पनि नबोलेपछि हैरान भएका उनले अन्ततः समुद्रको लेउ र हिमाली जङ्गलमा आगलागीबाट बनेको खरानीलाई पवित्र जल (रुखको टोड्का, ढुङ्गाको खोपिल्टो आदिमा जमेको पानी) मा मुछेर बनाएको मानिस बोल्यो । अमर मानिस बनाउन चाहेका देउताले रिसाएर थुक्दा त्यो मानिस पनि शिर ढलेर मरेपछि देउताले माङ्गेन्ना गरेर मानिसलाई पुनः जीवित बनाए । यसरी जन्म, आत्मसम्मान र मृत्युको सृष्टि भएको कथा मुन्धुममा वर्णन गरिएको छ ।

उद्धृत कवितांशमा आफ्नो जन्मभूमि, परम्परा, जीवनपद्धति र समुदायप्रतिको अनुराग प्रस्तुत गर्ने क्रममा यी मिथकीय पद÷पदावलीहरू उनिएर आएका छन् । प्रस्तुत कवितामा आफ्नै गाउँघरमा बसेर आफ्नी प्रेमिका 'नायुमा' (सुन्दर लिम्बू युवती) सँग प्रेमालाप गर्ने अभिलाषा भए पनि परदेशमा अल्झिन बाध्य भएको लिम्बू युवकको भावलाई काव्यिक अभिव्यक्ति दिइएको छ ।  मुन्धुमी मिथक प्रयोग गरेर लेखिएको कविताको एउटा नमुना :

सायद
जीवनदेखि भाग्दाभाग्दै मूल ढोकाकै सङ्घारमा छेकेर
जन्मदै तिम्रो भावी कर्ममा
जीवनलाई छल्दाछल्दै, ढोका सँधेरीमा बसेर
जन्मदैखेरि मेरो इमेःन्नाले तिमीलाई जुराए झैँ
आख्यान, कथा, नाटक, कविता– को प्रोटोगानिस्ट झैँ
प्रेमको रङ्गमञ्चमा अभिनय गर्न थाल्यौ
जस्तै भाकेर माङ, राखेर आधा मुटु

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

पठाएँ मैले तिमीलाई मायाको नासो
त र तिमी त साँच्चिकै मेरो भइसकेछौ
बाँधेर मायाको युप्पारुङ (युप्पारुङ, पृ. ७२–७३)

प्रस्तुत कवितामा प्रेमिल भावलाई काव्यिक अभिव्यक्ति दिन मुन्धुमी मिथकमा वर्णित पात्र र सांस्कृतिक सन्दर्भहरू आपसमा उनिएर आएका छन् । मुन्धुममा जन्मपछि मानिसको भाग्य लेख्ने देवीलाई 'इमेःन्ना' को रूपमा चित्रण गरिएको छ भने लिम्बू संस्कृतिमा विवाहको क्रममा 'तुत्तुतुम्याङ' (पञ्चभलादमी) लाई साक्षी राखी बेहुलाले बेहुलीको मजेत्रोमा बाँधिदिने चाँदीको सिक्कालाई 'युप्पारुङ' भनिन्छ । विवाहपछि बेहुलाबाट कुनै पनि प्रकारको होचोअर्घेलो भए बेहुलीले त्यो सिक्का फिर्ता गरे स्वतः सम्बन्धविच्छेद भएको मानिने परम्परा छ । 'इमेःन्ना' ले तिमी (प्रेमिका) लाई मेरै भाग्यमा लेखिदिएको चर्चा गर्दै कवितामा 'युप्पारुङ' बाँधेर प्रेमिकालाई आफ्नो बनाइसकेको अर्थात् विवाह गरिसकेको सन्दर्भ उल्लेख गरिएको छ ।

कवि पराजित मूल रूपमा जातीय अस्तित्व, जातीय पहिचान र संस्कार–संस्कृतिको संरक्षणका पक्षमा उभिने स्रष्टा हुन् । दमित र सीमान्तीकृत समुदायका आवाजलाई वाणी दिने उद्देश्यबाट प्रेरित भएर कविता रचना गर्ने उनले यस्तो भावाभिव्यञ्जनका लागि मुन्धुमी सांस्कृतिक मिथकहरूको सहारा लिने गरेका छन् । प्रेमिल भावको अभिव्यक्तिका लागि पनि उनले मुन्धुमी मिथकको प्रशस्त प्रयोग गरेका छन् । यस्तै एउटा कवितांश :

चुलिँदै गरेको चोमोलुङ्मासित
फक्रँदो छ यौवनता
परामसिङ रुखसँगै फैलिएर पर पर
अँगेरी पातमा पिपिरी बजाउने
भर्लाको पातमा अम्लारी फुङलाई बेरेर बोक्ने
शिरमा सिउरेर उनिउँ फूल
छिपेर केराको पातपछिल्तिर
एकोहोरो विरसताको धुन बजाउने तिमी को हौ ? (हेलुक्वा, पृ. ७६)

उद्धृतांशमा प्रयुक्त 'परामसिङ' र 'अम्लारी फुङ' मुन्धुममा वर्णित वनस्पतिहरू हुन् । मुन्धुममा प्रेतात्मा बस्ने अशुभ रुखलाई 'परामसिङ' को रूपमा वर्णन गरिएको छ भने 'अम्लारी फुङ' प्रेमको प्रतीक सुनाखरी फूल हो । कवितामा सम्झनामा मात्र रहेकी आफूबाट टाढिएकी प्रेमिकालाई सम्बोधन गरिएको छ । यहाँ विरह, वेदना, प्रेमिकाको अनुपस्थिति, निराशा र नकारात्मक भावलाई अभिव्यक्त गरिएको छ ।

पोरोक्मीको बगैँचामा
सर्प र बिच्छीको माखेसाङ्लोभित्रबाट
पाँचौं आयामको सचेतनामा बसेर
टेलिप्याथी जङ्घार तर्दै गर्दा चिप्लिएर लडिपठाएछौ
भुलभुलैयाको सिँढीमा ओर्लंदै जाँदा
ठेस लागेर अन्जानैमा कतै ठोक्की पठाएछौ
बढी रहेछ मुटुमा धड्कन । (अविभाज्य पूर्णता, पृ. ८१)

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

प्रस्तुत कवितांशमा आएको 'पोरोक्मी' मुन्धुममा वर्णित पात्र हो । सर्वव्यापी ईश्वर तागेरानिङ्वाभु माङले मानवको सृष्टि गर्न पृथ्वीलोकमा खटाएको जेठो देवको रूपमा 'पोरोक्मी' लाई मुन्धुममा उल्लेख गरिएको छ । प्रस्तुत कवितामा कविले 'म' पात्रका माध्यमबाट आप्mनी प्रेमिकालाई सम्बोधन गरेका छन् । दुई शरीर भए पनि एउटै आत्मा भएको भाव अभिव्यक्त गर्न यहाँ मुन्धुमी मिथकको प्रयोग गरिएको छ ।

देशमा व्याप्त बेथितिविरुद्ध विद्रोहको उद्घोष गर्न पनि कवि पराजितले आफ्नो कवितामा मुन्धुमी मिथकको प्रयोग गरेका छन् । मुन्धुमी मिथकको प्रयोग गरेर उनले विद्रोही भावलाई कलात्मक अभिव्यक्ति दिएका छन् । यस्तै भावको एउटा कवितांश :

लाहादङ्नाले चाल्नीमा आफ्ना (अवैध) सन्तान चाल्दाचाल्दै
लालचमा लुकाई राखेकी तिलको दुई दानाबाट
जन्मेको हो कालो–सेतो एक जोडी चौरीका साँढे
त्यही साँढे जुद्दा निस्केको झिल्काबाट
आगो सल्कियो, डढेलो लाग्यो
आगो आविष्कार भयो । (फिलिङ्गो फूल, पृ. ९८)

प्रस्तुत कवितांशमा प्रयुक्त 'लाहादङ्ना' मुन्धुममा वर्णित पात्र हो । लिम्बू समुदायको मुन्धुमअनुसार 'लाहादङ्ना' आदिमाता हुन् । आफ्नो माइती सुहाम्फेबासँगको हाडनाता करणीबाट जन्मिएका १७ जना सन्तानलाई ईश्वरको आदेशबाट चाल्नीमा तीलको दाना चालेर भिन्न बनाउनु पर्दा 'लाहादङ्ना' ले दुई दाना तील सुटुक्क लुकाएकी थिइन् । तिनै तीलका दाना पछि विशाल कोलो रङका साँढेमा परिणत भई आपसमा जुध्दा आगो उत्पन्न भयो र 'सावा येत्हाङ पाङ्भे' (स्थानको नाम) मा आगलागी भएको तथा आगोसँगै ईर्ष्या, डाह र लोभको पनि उत्पत्ति भएको वर्णन मुन्धुममा छ । गलत कामको परिणाम कहिल्यै पनि सही नहुने भावाभिव्यञ्जन कवितांशबाट भएको छ । प्रस्तुत कवितामा विद्रोहलाई 'आगो' को रूपमा प्रतीकीकरण गरिएको छ । देशमा व्याप्त बेथितिलाई डढाएर खरानी बनाउने भावलाई प्रस्तुत कवितामा काव्यिक अभिव्यक्ति दिइएको छ । कवि पराजित आफ्ना कविताका माध्यमबाट हरेक प्रकारका विभेदविरुद्ध उभिएका छन् । सबै प्रकारका विभेदको समाप्तिका पक्षमा उभिने पराजितले मुन्धुमी मिथकको सुन्दर प्रयोग गरी विभेदको विरोध गरेका छन् । हेरौँ, एउटा नमुना :

पूर्वी आकाशमा –
धनुकाण तन्काइरहेको देखिन्छ नामसामी
तान बुनिरहेकी छिन् एक क्षितिजमा युमा महारानी
हिमाल पर्वत फेदीमा
सुनको गैँतीले तरुलभ्याकुर खनिरहेछन् किराती सुकन्याहरू
सुनको खर्मी र थुन्चे बोकेर
फुङ्सेमी कुमकुमपाती धूप बटुलिरहिछन्
नालिगेन थाङ्बेन र सिसागेन मेन्छ्याहरू
हात समातेर धान नाच नाचिरहेछन्
सृष्टिकै जेठो घरमा च्याब्रुङ नाचेर
धमिरा झारिरहेको आकृति पनि छ पाजाइबाको ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

पश्चिम आकाशमा –

सिली टिपिरहेका तायामा खियामा देखिन्छन्

बिनायो खिपिरहेका खोक्चिलिक्पा पनि छन् (धवाँको आकृति, पृ. ११६–११७)

लिम्बू मुन्धुममा वर्णित पशुत्वमाथि मनुष्यत्वको विजयलाई स्थापित गर्ने पात्र 'नामसामी' हुन् । उनले जुम्ल्याहा दाजु केसामी (बाघ) लाई धनु हानेर मारेका थिए । मुन्धुमअनुसार, 'युमा' ज्ञान, विद्या र रणकौशलकी देवी हुन् । मुन्धुममा सृष्टिमा पहिलो घर बनाउने व्यक्तिका रूपमा 'पाजाइबा' लाई चित्रित गरिएको छ । 'तायामा–खियामा' राई समुदायका आदिपुर्खा हुन् । मुन्दुमअनुसार यिनै दुई दिदीबहिनीले सर्वप्रथम तान बुनेका थिए । 'खोक्चिलिक्पा' यिनै तायामा–खियामाका भाइ हुन् । प्रस्तुत कवितामा मुन्धुमी पात्रहरूका माध्यमबाट सृष्टिको आरम्भ, किराती समुदायको जनजीवन र संस्कृतिलाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ । देशमा विभेद बढ्दै गएका कारण त्यसविरुद्ध आक्रोश पनि बढ्दै गएको र विद्रोहको तयारी भइरहेको भावलाई कवितामा काव्यिक अभिव्यक्ति दिइएको छ ।

## निष्कर्ष

पराजित कवितामा जीवन–जगत्बारे गम्भीर कुरा गर्ने कवि हुन् । लिम्बू संस्कार–संस्कृतिमा हुर्किएका कविले आफ्नै समुदायका जीवनशैली, संस्कृति, बिम्ब र मूल्य–मान्यतालाई उनेर कविता सिर्जना गरेका छन् । राज्यबाट उपेक्षित–उत्पीडित समुदाय र वर्गका दमित आवाजलाई उनले मुन्धुमी मिथकको प्रयोग गरेर कवितामा अभिव्यक्त गरेका छन् । जातीय पहिचान र सहअस्तित्वलाई कविताका कथ्य बनाउने उनले प्रेम, घृणा, जीवनका अप्ठ्यारा र जटिलताहरूको अभिव्यक्तिका लागि पनि मुन्धुमी मिथकको प्रशस्त प्रयोग गरेका छन् । यी मिथकहरू उनले प्रयोगका लागि मात्र नभएर उद्देश्यमूलक ढङ्गले प्रयोग गरेका छन् । लिम्बू समुदायको भाषा, पहिचान, संस्कार र संस्कृतिलाई संरक्षण गर्नुपर्ने भावलाई काव्यिक अभिव्यक्ति दिन उनले मुन्धुमी मिथकको सहारा लिएको पाइन्छ ।

## सन्दर्भसामग्री

अब्राम्स, एम. एच., हार्फम, जिओफ्रे गल्ट (सन् २०१५), अ ग्लोसरी अफ लिटरेरी टर्म्स (एघारौँ सं, दसौँ भारतीय पुनर्मुद्रण, २०१८), दिल्ली : सेन्गेज लर्निङ इन्डिया प्राइभेट लिमिटेड ।

पोमू, पराजित (२०७९), *मद्वारा मेरो निर्माण*, काठमाडौँ : फिनिक्स बुक्स ।

बराल, कृष्णहरि (२०७६), 'मिथक र साहित्य', सम्पा. सुवेदी, राजेन्द्र र गौतम, लक्ष्मणप्रसाद, रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड, दो.सं.), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

मुकारुङ, राजन (२०६६), "कवितामा प्रयोग भएका किरात शब्द, विम्ब र मिथकहरूबारे", बादी विज्ञप्ति (कविता सङ्ग्रह, कवि प्रगति राई), हङकङ : सृजनशील साहित्य समाज ।

मुकारुङ, श्रवण, संयोजक (२०७४), प्रज्ञा नेपाली मिथक कोश, काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान ।

विद्यावाचस्पति, उषा पुरी (सन् १९८६), भारतीय मिथक कोश, दिल्ली : नेसनल पब्लिसिङ हाउस ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*